# स्थानीय राजपत्र

खाँडादेवी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ४) माकादुम, रामेछाप, साउन ४ गते, २०७७ साल (संख्या ६

## भाग १

## खाँडादेवी गाउँपालिका

खाँडादेवी गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७७ सालको ऐन नं. २**

## विनियोजन ऐन, २०७७

खाँडादेवी गाउँपालिका

## खाँडादेवी गाउँपालिका आ.व.२०७७/७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनः

**प्रस्तावनाः**

खाँडादेवी गाउँपालिकाको आ.व.०७७/७८ को सेवा र कार्यहरुको लागि संचित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र विनियोजन गर्न वाञ्छनीय भएकोले-

नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम खाँडादेवी गाउँसभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम खाँडादेवी गाउँपालिकाको विनियोजन ऐन, २०७७ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आ.व.२०७७/७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : (१) आ.व.२०७७/७८ को निमित्त खाँडादेवी गाउँपलिका गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. **८७,२३,७३,०००**/-( सतासी करोड तेईस लाख त्रिहत्तर हजार रुपैंया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजन (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आ.व.२०७७/७८ को निमित्त खाँडादेवी गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएता भएता पनी कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने कुनैमा अपुग देखिन आएमा गउँपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ।

चालु तथा पूँजिगत खर्च वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२)मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनुपर्नेछ ।

४. पूँजिगत खर्चमा अपुग हुने रकम चालु खर्चबाट २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सकिनेछ ।

५. यस ऐन बमोजिम तर्जुमा हुने विभिन्न कोष सम्बन्धि कार्यविधि कार्यपालिकाले तर्जुमा गर्न सक्नेछ ।

६. यस ऐन बमोजिम विभिन्न कार्यक्रममा विनियोजित एकमुष्ट रकमको विस्तृत कार्यक्रम वनाई पछि सभाबाट अनुमोदन हुने गरी कार्यन्वयन गर्ने अधिकार कार्यपालिकालाई दिइएको छ ।

खाँडादेवी गाउँपालिका

**अनुसूची-१**
**(दफा २ सँग सम्बन्धित)**
**नेपालको संविधानको धारा २२९(२) बमोजिम**
**संचित कोषबाट विनियोजन हुने रकम**

**आ.व. ०७७/७८ को अनुमानित आय/व्यय विवरण**

| आयतर्फ | बजेट रकम | व्ययतर्फ | बजेट रकम |
|---|---|---|---|
| **१. संघबाट प्राप्त** | ४८८९७१.०० | क.वडा तर्फ विनियोजन | ७०००० |
| क. वित्तिय समानिकरण | १४१०००.०० | ख.चालु तर्फ (कार्यालय संचालन) | ४५००० |
| ख.राजश्व बाँडफाँट | ७८३७१.०० | ग.चालु तर्फ (वडा कार्यालय तर्फ) | ९००० |
| ग.सशर्त अनुदान | २३४६००.०० | घ.सशर्त(संघ) | २३४६००.०० |
| घ. विशेष अनुदान | १५०००.०० | ङ.सशर्त(प्रदेश) | २२९३५.०० |
| ङ.समपूरक अनुदान | २००००.०० | च.समष्टिगत योजना | १४३४३८ |
| | | छ.समपूरक कोष (संघ र प्रदेश) | १००००० |
| **२.प्रदेशबाट प्राप्त** | १०१००२.०० | ज.विशेष अनुदान (संघ र प्रदेश) | २५००० |
| क.वित्तिय समानीकरण | १०२०५.०० | झ.गरिबसँग विश्वेश्वर कार्यक्रम | १०००.०० |
| ख.राजश्व बाँडफाँट | २७८६२.०० | ञ.सामाजिक सुरक्षा | १२००००.०० |
| ग.सशर्त अनुदान | २२९३५.०० | ट.VCDP | ९००.०० |
| घ.विशेष अनुदान | १००००.०० | ठ.PLGSP | ५००.०० |
| ङ.समपूरक अनुदान | ३००००.०० | ड.स्थानीय विकास साझेदारी कार्यक्रम | २००००.०० |
| | | ढ.प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम | २००००.०० |
| **३.आन्तरिक आय तर्फ** | ३००००.०० | ण.प्रकोप व्यवस्थापन कोष | ३००००.०० |

| | | | |
|---|---|---|---|
| क.दहत्तर बहत्तर शुल्क | २५०००.०० | त.प्रदेश संघ गैर सरकारी संस्था लगायतसँग लागत साझेदारी तर्फ | ३००००.०० |
| ख.स्थानीय राजश्व बाँडफाँट | ५०००.०० | | |
| **४. गत आ.व.को अल्या** | ३००००.०० | | |
| | | | |
| **५.विषयगत तर्फ** | १२२४००.०० | | |
| क.गरिबसँग विश्वेश्वर कार्यक्रम | १०००.०० | | |
| ख.सामाजिक सुरक्षा | १२००००.०० | | |
| ग.VCDP | ९००.०० | | |
| घ.PLGSP | ५००.०० | | |
| | | | |
| **६.अन्य** | १००९००.०० | | |
| क.स्थानीय विकास साझेदारी कार्यक्रम | २००००.०० | | |
| ख.प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम | २००००.०० | | |
| ग.प्रकोप व्यवस्थापन कोष | ३००००.०० | | |
| घ.प्रदेश संघ गैर सरकारी संस्था लगायतसँग लागत साझेदारी तर्फ | ३००००.०० | | |
| | | | |
| **जम्मा** | ८७२३७३.०० | | ८७२३७३.०० |

खाँडादेवी गाउँपालिका

**सभाबाट पारित मितिः २०७७।०३।३०**
**प्रमाणीकरण मितिः २०७७।०४।०५**

**आज्ञाले,**
**महाप्रसाद दंगाल**
**प्रमुख प्रशासकीय अधिकृत**